गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको ८६ औ बैठक आज मिति २०७९।०३।०९ गतेका दिन बेलुकी ५.४५ बजे गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

१) लै.अ. श्री बुद्धि प्रसाद सुवेदी

२) नि.उ./सहायक पार्वती ओली कोइराला

**प्रस्ताव नं. १: आ.व. २०७९।८० को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. १**

गण्डकी गाउँपालिका अन्तर्गत गठित आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण, तथा विपद व्यवस्थापन समिति, सामाजिक विकास समिति, संस्थागत विकास र सुशासन समिति र विधेयक समितिहरु मार्फत आ-आफ्नो समितिमा विस्तृत छलफल गरी संशोधन सहित वजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत आजको यस बैठक समक्ष पेश हुन आएको आगामी आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल गरियो । सो सम्बन्धमा पेश भएको वार्षिक नीति तथा कार्यक्रम निर्णयार्थ दशौ सभाको दोश्रो बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: आ.व. २०७९।०८० को विनियोजन विधेयक, २०७९ सम्बन्धमा ।**

**निर्णय नं. २:**

श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पेश गरेको वजेट सीमा भित्र रही प्राथमिकताका आधारमा तयार गरी विभिन्न समितिमा छलफल भई वजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत पेश हुन आएको आगामी आ.व. २०७९।०८० का लागि प्रस्तावित विनियोजन विधेयक २०७९ उपर आजको यस बैठकमा दफावार छलफल गरियो । सो सम्बन्धमा पेश भए बमोजिमको आगामी आ.व. २०७९।०८० को प्रस्तावित विनियोजन विधेयक २०७९ निर्णयार्थ दशौं गाउँ सभाको दोश्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: आ.व. २०७९।०८० को आर्थिक विधेयक, २०७९ सम्बन्धमा ।**

**निर्णय नं. ३:**

श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पेश गरेको वजेट सीमा भित्र रही प्राथमिकताका आधारमा तयार गरी पेश हुन आएको आगामी आ.व. २०७९।०८० का लागि प्रस्तावित आर्थिक विधेयक, २०७९ उपर आजको यस बैठकमा छलफल गरियो । सो सम्बन्धमा पेश भए बमोजिमको आगामी आ.व. २०७९।०८० को आर्थिक विधेयक २०७९ निर्णयार्थ दशौं गाउँ सभाको दोश्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ४:**

निर्माण कार्य सम्पन्न भई पेश हुन आएका गण्डकी गाउँपालिका स्थित तपसिल बमोजिमका योजनाहरुमा समपुरक कोष तर्फको वजेटवाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

१) गण्डकी गाउँपालिका वडा नं. ६ स्थित कुलवेसी हाडीखोला सडक निर्माण रु. १६००००।- (एक लाख साठी हजार)
२) गण्डकी गाउँपालिका वडा नं ७ स्थित चुर्लिङ्गटार डिप वोरिङ्ग योजना रु. ४७५०००।-(चार लाख पचहत्तर हजार)

**प्रस्ताव नं. ५: एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्बन्धमा ।**

**निर्णय नं. ५:**

गण्डकी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८ को दफा ३ उपदफा १ को (ग) बमोजिमको सदस्य पदमा महिला सदस्य श्री अ माया रानालाई तोक्ने निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०७९।०३।०८
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (सरकार)
अध्यक्ष